एउटा महिलाले आफ्नो श्रीमान् वा महरम (नातेदार जससँग विवाह गर्न सक्दैन) साथमा नभएसम्म दुई दिनको यात्रा गर्नु हुँदैन

अबू-सईद अल्-खुदरी (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, (उनी १२ वटा युद्धमा रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को साथमा थिए) उनले भने : मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) बाट चारवटा कुरा सुनेको छु, जुन मलाई धेरै मन पर्छ, उहाँले भन्नुभयो : "एउटा महिलाले आफ्नो श्रीमान् वा महरम (नातेदार जससँग विवाह गर्न सक्दैन) साथमा नभएसम्म
दुई दिनको यात्रा गर्नु हुँदैन । दुई दिन : ईदुल-फित्र र ईदुल अजहाको दिनमा रोजा
हुँदैन । बिहानको नमाजपछि सूर्योदयसम्म र असरको नमाजपछि सूर्यास्तसम्म कुनै नमाज
छैन । केवल तीन मस्जिद; मस्जिद अल-हरम, मस्जिद अल-अक्सा र मेरो यो मस्जिद बाहेक
यात्रा गर्न अनुमति छैन ।" [सही] [मुत्तफकुन अलैहि]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले चारवटा कुरालाई निषेध गर्नुभयो: १) महिलालाई पति वा महरम बिना एक्लै दुई दिनको दुरीको यात्रा गर्न निषेध गरिएको छ । महरम भनेको त्यो आफन्त हो जो सँग विवाह गर्न सदाको लागि निषेध गरिएको छ, जस्तै : छोरा, बुवा, भतिजा, भान्जा (बाहिनीको छोरा), काका, मामा, आदि । २) ईदुल-फित्र र ईदुल अजहाको दिन रोजा राख्न निषेध गरिएको छ, चाहे त्यो नज्र (भाकल) नफ्ली (अतिरिक्त) वा कफ्फारह (प्रायश्चित) को रोजा होस् । ३) अस्रको नमाजपछि सूर्यास्तसम्म र फजरको नमाजपछि सूर्योदयसम्म नफिल नमाज पढ्न निषेध । ४) हदीसमा उल्लिखित तीन मस्जिदहरू बाहेक अन्य कुनै ठाउँमा त्यसको सद्गुण र त्यहाँ धेरै पुण्य पाइने विश्वासले यात्रा गर्न निषेध गरिएको छ । तसर्थ, यी तीन मस्जिद बाहेक अन्य कुनै पनि ठाउँमा नमाज पढ्ने मनसायले यात्रा गर्न पाइने छैन । किनभने यी तीन मस्जिदहरू; मस्जिद अल-हरम, मस्जिद नबवी र मस्जिद अल-अक्सा मा मात्र नमाज पढ्दा प्रतिफल दोब्बर हुन्छ ।

https://sunnah.global/hadeeth/ne/show/10603